# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुम्मायक गाउँपालिका
## पाँचथर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुम्मायक गाउँपालिका

### पाँचथर




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुम्मायक गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १३२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कुम्मायक गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
पाँचथर।

१. **कैफियतसहितको राय-** हामीले कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. १ करोड ९७ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १६ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४२ लाख १५ हजार, नियमित गर्नुपर्ने रु ३९ लाख ३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ४ करोड ८८ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ६ करोड ८५ लाख ९९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

कुम्मायक गाँउपालिका, पाँचथर

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २५ | ४० | १९७६५ | ० | ० | ० | २५ | ४० | १९७६५ | १६४७ | ३९०३ | १४२१५ | ० | ० | १८११८ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कुम्मायक गाँउपालिका, पाँचथर | ४८८३४ | ० | | ४८८३४ | ० | १९७६५ | ६८५९९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : कुम्मायक गाउँपालिका, पाँचथर , कुम्मायक गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवेन्द्र सुवेदी | २०७८-१२-१० | |
| कार्यालय प्रमुख | देवी तुम्बापो | २०७९-४-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बिपिन निरौला | २०७८-१२-२५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १९,७६५,५०६.२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,८४,८८,६३१.३२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,६८,८७,६४१.९८ | **चालु खर्च** | ३४,३२,२६,८०२.१५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,३०,०३,०५५ | **पूँजीगत खर्च** | १०,२०,८१,१०२ |
| **राजश्व बाँडफाँट** | ६,१९,८९,०२७.७९ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | १,०२,६५,६९८.७४ | | |
| **अन्य आय** | २,६१,०३,६७६.५ | | |
| **कुल आय** | ४५,८२,४९,१००.०१ | **कुल खर्च** | ४४,५३,०७,९०४.१५ |
| **बाँकी मौज्दात** | | ८,६२,९९,६९०.७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न २०७३ मा कुम्मायक गाउँपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको कुम्मायक गाउँपालिकाको क्षेत्रफल १२९.३० वर्गकिलोमिटर, जनसंख्या १३०२० र वडा संख्या ५ रहेको छ। | |
| २ | | | **लेखापरीक्षणः** उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एंव अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधारमानी सम्पन्न गरिएको छ।लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन्।लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीयन नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नअनुसार छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः** गत आ ब को तलब भत्ता बढी निकासा भएको रकम रु ८१३२८ लेखापरीक्षणको क्रममा असुल भइ बेरुजु दाखिला भएको छ । | |
| ४ | | | **एकिकृत आर्थिक बिवरण**<br><br>**आर्थिक कारोवारको स्थितीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७८/७९ को वित्तीय कारोबारको स्थिती देहाय बमोजिम रहेको छः-<br><br>एकिकृत आय व्याय विवरण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स | आय शिर्षक | | रकम | क्रस | व्यय शीर्षक | | रकम |
| 1 | गत आबको मौज्दात(अल्या) | | 73342761.86 | १ | चालु खर्च खाताको जम्मा | | 241521973.98 |
| 2 | सञ्चितकोष खाताको जम्मा | | 345691649.51 | | संघीय सरकार वित्तिय समानिकरण अनुदान | 15465138 | |
| | आन्तरिक श्रोत | 10265698.74 | | | संघिय सरकार राजश्व बाडफाड | 37990083.00 | |
| | संघिय वितिय समानिकरण | 85300000.00 | | | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | 995059.00 | |
| | संघिय सशर्त अनुदान चालु | 157002640.98 | | | प्रदेश सरकार राजश्व बाडफाड | 685505.00 | |
| | संघिय सशर्त अनुदान पुँजिगत | 18131227.00 | | | आन्तरीक श्रोत नगद | 26410962.00 | |
| | संघिय बिशेष अनुदान | 0.00 | | | प्रदेश शशर्त अनुदान चालु | 2972586.00 | |
| | संघीय समपुरक अनुदान | 0.00 | | | सशर्त अनुदान संघीय सरकार | 157002640.98 | |
| | राजश्व बाँडफाँड संघीय सरकार | 58692484.20 | | २ | पूँजिगत खर्च खाताको जम्मा | | 102081102.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रदेश सरकार राजश्व बाँडफाँड | 3296543.59 | | | संघिय सरकार वितिय समानिकरण | 44427551.00 | |
| | प्रदेश सरकार समानिकरण अनुदान | 4746000.00 | | | संघिय सरकार समपुरक अनुदान | 0.00 | |
| | प्रदेश सशर्त अनुदान | 2972586.00 | | | प्रदेश सरकार समानिकरण अनुदान | 2796254.00 | |
| | प्रदेश सरकार समपुरक अनुदान | 5284469.00 | | | आन्तरिक श्रोत | 26214401.00 | |
| | दायित्व बाँकी | | 0.00 | | प्रदेश सशर्त अनुदान/हस्तान्तरीत कार्यक्रम | 0.00 | |
| ३ | अग्रिम आयकर, दायित्व बाँकी | 0.00 | | | प्रदेश समपुरक अनुदान | 5284469.00 | |
| | धरौटी खाताको आम्दानी | | 4793235.50 | | राजश्व बाँडफाँड संघीय सरकार | 3727200.00 | |
| | कोषको जम्मा | | 21310441.00 | | राजश्व बाँडफाँड प्रदेश सरकार | 1500000.00 | |
| ४ | कर्मचारी कल्याण कोषको आम्दानी | 0.00 | | | संघिय सरकार सशर्त अनुदान | 18131227 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रकोप व्यवस्थापन कोष खाताको आम्दानी | 5985504.00 | | ३ | कोषवाट खर्च | | 14504346.67 | |
| | | | | कार्य सञ्चालनकोष विविध | 15324937.00 | | | प्रकोप व्यवस्थापन कोष खाता | 1139029.67 | | |
| | | | | आकस्मिक कोष खाता | 0.00 | | | कार्यसञ्चालन कोष विविध | 13365317.00 | | |
| | | | ५ | सामाजिक सुरक्षा तथा संरक्षण | 58032774.00 | 58032774.00 | | कर्मचारी कल्याण कोष खाता | 0.00 | | |
| | | | ६ | स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | 28421000.00 | 28421000.00 | | आकस्मिक कोष | 0.00 | | |
| | | | | कुल जम्मा | | 531591861.87 | ४ | धरौटी खाताको फिर्ता | | 746707.50 | |
| | | | | | | | ५ | सामाजिक सुरक्षा तथा संरक्षण | 58032774.00 | 58032774.00 | |
| | | | | | | | ६ | स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | 28421000.00 | 28421000.00 | |
| | | | | | | | ७ | अन्तिम बैंक मौज्दात : | | 86283957.72 | |
| | | | | | | | | सञ्चित कोष खाता | 75431335.39 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>धरौटी खाता</td><td>4046528.00</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>कर्मचारी कल्याण कोष खाता</td><td>0.00</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>आकस्मिक कोष खाता</td><td>0.00</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>4846474.33</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>कार्यसञ्चालन कोष विविध</td><td>1959620.00</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td colspan="2">कुल जम्मा</td><td>531591861.87</td></tr>
</table>
एकिकृत आर्थिक बिवरण उपरको रायः<br>
१. गाउँपालिकाले आर्थिक बर्ष २०७७।७८ मा अन्तिम मौज्दात रु ७८४८८६३१.३२ देखिएकोमा आर्थिक बर्ष २०७८।७९ मा सोहि रकम अगाडि ल्याउनु पर्नेमा रु ७३३४२७६१.८६ मात्र अगाडि ल्याएकोले फरक परेको रु ५१४५८६९.४६ को हिसाब मिलान गरी प्रमाण पेश गर्नु पर्दछ ।<br>
२. गाउँपालिकाले पेश गरे अनुसार बैङ्क बाँकि रु ८६२८३९५७।७२ रहेकोमा बास्तबिक बैङ्क बाँकि रु ८६२९९६९०.७२ पाईएकोले स्रेस्ता भन्दा बैङ्कमा रु १५७३३ बढि देखिएकोले हिसाब मिलान गरी प्रमाण पेश गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
हिसाब मिलान नगरेकोः गाउँपालिकाको आर्थिक बर्ष २०७७।७८ को अन्तिम मौज्दात रु ७८४८८६३।३२ रहेकोमा आर्थिक बर्ष २०७८।७९ मा अगाडि ल्याउदा रु ७३३४२७६१ मात्र ल्याएकोले रु ५१४५८६९।४६ फरक पर्न गई आर्थिक बिवरणमा असर पारेकोले प्रमाण पेश गरी हिसाब मिलान गर्नु पर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
</table>
</td><td>५,१४५,८६९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५.१ | गाउँपालिका | ५१,४५,८६९.४६ | |
| ६ | | | **जिन्सी निरीक्षणः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार आर्थिक बर्ष समाप्त भएको एक महिना भित्रमा कार्यालयको जिन्सी निरीक्षण गरी प्रतिबेदन संलग्न राख्नुपर्ने व्यबस्था छ । यस गाउँपालिकाले आ.ब समाप्त भएको २ महिना सम्म पनि जिन्सी निरीक्षण गरेको देखिएन । त्यस्तै सार्बजनिक सम्पति ब्यबस्थापन प्रणालीमा सबै खर्च भएर जाने र खप्ने जिन्सीको बिबरण प्रबिष्टि समेत गरेको देखिएन । | |
| ७ | | | **अनुदानको अनुगमनः** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७८।३।१० गते बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९ | | | **मध्यमकालिन खर्च संरचना** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा सो गरेको पाइएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च : पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यान्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । सुत्र अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेसो चौमासिक</td></tr>
<tr><td>विभिन्न</td><td>१०२०८१</td><td>१६५५६</td><td>२२६९२</td><td>६२८३३</td><td>४२१८२</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td></td><td>१६.२३</td><td>२२.२२</td><td>६१.५५</td><td>४१.३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>श्रोत अनुमान तथा वजेट सिमा:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ। पालिकाको प्राथामिकतामा पर्ने आयोजना कुन कुन हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट (रु. हजारमा)</th><th>खर्च रकम (रु. हजारमा)</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३४४०५</td><td>२०२६६</td><td>५.९०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२१७६६०</td><td>१७४०७५</td><td>५०.६६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१५२६७५</td><td>९४९१३</td><td>२७.६२</td></tr>
<tr><td>सुशासन र अन्तरसम्बन्धित क्षेत्र</td><td>१७५०</td><td>१०२८</td><td>०.३०</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>६२९८०</td><td>५३३२१</td><td>१५.५२</td></tr>
<tr><td>जम्मा</td><td>४६९४७०</td><td>३४३६०३</td><td>१००</td></tr>
</table>
उपरोक्त तालिका बमोजिम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम ०.३० प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ५०.६६ प्रतिशत खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिता :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने उल्लेख छ। यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन। यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हुनसक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनुपर्दछ। पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्:-
<ul>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।</li>
<li>स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन</li>
</ul></td><td>•</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन ।<br>• दिगो विकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद को गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको छैन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२)अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मासहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । साथै उपभोक्ता समितिबाट गरेको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई खर्च प्रमाणित गर्ने कागजातहरु समितिबाट आंशिक रुपमा अनुमोदन हुने गरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्यविवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन ।<br>• भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन ।<br>• कार्यालयले गत विगतको बेरुजु र संपरीक्षणको अभिलेख राख्ने गरेको छैन ।<br>• वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन ।<br>• कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन ।<br>• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन ।<br>• राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएको छैन।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा।पठाउनुपर्नेमापठाएकोछैन।<br>• विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको विद्यालय मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन ।<br>• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ बमोजिम विनियोजन, राजश्व, धरौटी, जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरेको पाईएन।<br>• ईन्धन खर्चको लगबुक अद्यावधिक नभएको ।<br>• सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन ।<br>• खर्चका विलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>न्यायीक समिति: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीहरु मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कुल १८ विवाद दर्ता भएकोमा ११ मुद्दा फछ्र्यौट भई ७ मुद्दा फर्स्योट हुन बाँकी देखिन्छ। समयमै मुद्दा किनारा लगाई न्याय निरुपणलाई व्यवस्थित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कानुननिर्माण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा यस पालिकाले हालसम्म ऐन १९, नियमावली ४, कार्यविधि २४, निर्देशिका ३ र दिग्दर्शन १ गरी जम्मा ५१ वटा कानून निर्माण गरेकोमा राजपत्रमा प्रकाशन गरेको पाइएन । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्यनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>तलबी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम निजामती कर्मचारीहरुको प्रत्येक वर्ष जिल्ला स्थित कार्यालयहरुको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराई तलब भत्ताभुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को तलवी प्रतिवेदन पारित भएको छैन । तलबी प्रतिवेदन पारित नहुँदा कर्मचारीहरुको ग्रेड एकिन गर्न सकिएन । प्रचलित कानुन बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिती : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्न बमोजिम सेवा प्रावह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा पालिकाबाट निर्मित ऐन कानून बमोजिम सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>नागरिकता सिफारिस</td><td>५०९</td></tr>
<tr><td>घरबाटो सिफारिस</td><td>३२८</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>३९६</td></tr>
<tr><td>जन्मदर्ता, मृत्युदर्ता</td><td>६७१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>अन्य</td><td>३५९६</td></tr></table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>राजस्व उपशीर्षक</th><th>अनुमानित बजेट</th><th>प्राप्त रकम रु.</th><th>आम्दानी प्रतिशत</th></tr>
<tr><td>११13१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर</td><td>५००००००</td><td>०</td><td>०</td></tr>
<tr><td>११३१४ भुमिकर/मालपोत</td><td>७०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>११३२१ घरवहाल कर</td><td>२५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>११६९१ अन्य कर</td><td>७५०००००</td><td>८३६०८४६०.६</td><td>१११४.७८</td></tr>
<tr><td>१४२४३ सिफारिश दस्तुर</td><td>५०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>५०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>१४२६५ अन्य क्षेत्रको आय</td><td>१२५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>१४५२९ अन्य राजस्व</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>११२०००००</td><td>८३६०८४६०.६</td><td>७४६.५०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **मनोरञ्जन करः**- प्रदेश आर्थिक ऐन २०७८ को दफा दफा ५ मा मनोरञ्जन स्थल (सिनेमा, नाचगान, अपेरा ,थिएटर, सर्कस, चटक, खेल, प्रर्दशनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन) मा प्रवेश गरेबापत अनुसुचि ३ बमोजिम चलचित्र, सांस्कृतिक प्रदशर्न, दाहोरी सांझ, डान्सवार, कन्सर्ट, नाटकघर ,भिडियोघर, थ्रियटर, पार्क तथा जादू सर्कस आदिको प्रवेश तथा संचालन शुल्कमा मनोरञ्जन कर लगाइने र पालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस्ता प्रकारका कुनै पनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २० | | | **विज्ञापन करः** प्रदेश आर्थिक ऐन, २०७८ को दफा दफा ९ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम पालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २१ | | | **राजश्व ठेक्काः** गाउँपालिकाले सिमा भित्रको तमोर नदीमा धरान कन्सल्ट प्रा.लि मार्फत रु ३४९९६१ खर्चेर ई.आई.ए गरी २ बर्षको लागि बार्षिक १२१४७ घन मिटर प्रति घन मिटर मूल्य अभिबृध्दि कर बाहेक रु १२३.८९ को लागत अनुमान तयार गरी ठेक्का गरेकोमा दर्ता गर्ने २ बटा फर्म मध्ये बढि कबोल गर्ने बिरुवा कन्स्ट्रक्सन प्रा.लि, बानेश्वरले १५०५००० भ्याट बाहेक) मूल्यमा ठेक्का सकार गरेको देखियो ।ठेक्का अबधि २०७८।९।२३ देखि २०७९।२।३२ सम्म रहेकोमा सम्झौता संगै बिरुवा कन्स्ट्रक्सनले रु ७५२५०० राजश्व गाउँपालिकालाई बुझाए पनि सम्झौताको बुँदा नं ३ अनुसार माघको पहिलो हप्तामा दोस्रो र चैत्रको दोस्रो हप्तमा तेस्रो किस्ता गरी पुरै राजश्व बुझाउने सम्झौता भए पनि दोस्रो र तेस्रो किस्ता भुक्तनी भएन ।बाँकी रहेको रु ७५२५०० राजश्व बिलम्ब शुल्क सहित लेखापरीक्षण अबधि असोज मसान्त सम्म अधिकतम २०० दिनको दैनिक सम्झौता रकमको ०.०५% बिरुवा कन्स्ट्रक्सन प्रा.लि ले रु ९०३००० दाखिला गराउनु पर्दछ । दाखिला गर्नु पर्ने रु. | ९०३,००० |
| २२ | | | **मूल्य अभिबृध्दि करः** गाउँपालिका र बिरुवा कनस्ट्रकसन प्रा.लि बिचको तमोर नदीको बालुवा खानी ठेक्का सम्झौताको बुँदा नं १३ अनुसार मूल्य अभिबृध्दि कर आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्ने उल्लेख गरेको छ । बिरुवा कन्स्ट्रक्सन प्रा.लि ले सम्झौता रकम रु १५०५००० को १३% ले हुने कर रकम रु १९५६५० कर दाखिला गरको प्रमाण पेश गर्नु पर्ने रु | १९५,६५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>मोबिलाईजेशन पेश्की को बैङ्क ग्यारेन्टी थपः ठेक्का सम्झौताको जि.सि.सि ५७.१ मा ठेक्का अवधी भन्दा एक महिना बढि अवधिको बैक ग्यारेन्टी सहित ठेक्का सम्झौता गर्नु पर्ने ब्यबसथा गरेको छ ।कुम्मायक-कुसायक पर्यटन बिकास कार्यक्रम अन्तर्गत धुलिखेल मुबियन जे.भी को ठेक्कामा २०८२।०१।१९ सम्मको म्याद रहेकोमा सो ठेक्कामा सम्झौता रु २२०४३५०२.५(पि.एस र भ्याट बाहेक) ए.पि.जि रु ४३००००० लिदा ठेक्काको सम्झौता अबधि भन्दा एक महिना बढि अबधिको लिनु पर्नेमा गाउँपालिकाले २०७९।३।८ सम्मको मात्र लिएकोले म्याद थप गरी रु ४३००००० को का.स.ज. २०८२।२।१८ सम्म पूर्याउनु पर्ने रु.</td><td>४,३००,०००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>नागरिक आवास कार्यक्रमः सुरकक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि, २०७५ को नियम ६ अनुसार प्रथम किस्ता भुक्तानी लिएको ३ महिना सम्म कार्य सम्पन्न नभएमा लाभग्राहीबाट स्थानिय सरकारले रकम असुल उपर गर्नु पर्ने व्यबस्था छ । सुरक्षित नागरिक आवास कार्यक्रमको पेश्की भुक्तानी भएको बाट कार्य सम्पन्न नभएको निम्न बमोजिमका व्यक्तिहरुबाट रु २१०००० को कार्य सम्पन्न गराउनु पर्ने अन्यथा असुलउपर गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>ठेगाना</th><th>पहिलो किस्ता भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>मैत हाङ्मा लावती</td><td>कुम्मायक-१</td><td>३००००</td></tr>
<tr><td>२</td><td>हेमराज शेर्मा</td><td>कुम्मायक-२</td><td>३००००</td></tr>
<tr><td>३</td><td>बिमला चेम्जोङ</td><td>कुम्मायक-२</td><td>३००००</td></tr>
<tr><td>४</td><td>खड्ग बहादुर सर्मा</td><td>कुम्मायक-२</td><td>३००००</td></tr>
<tr><td>५</td><td>तेज बहादुर मिश्र</td><td>कुम्मायक-२</td><td>३००००</td></tr>
<tr><td>६</td><td>सन्तवीर तामाङ</td><td>कुम्मायक-३</td><td>३००००</td></tr>
<tr><td>७</td><td>मुक्त बहादुर लिम्बु</td><td>कुम्मायक-४</td><td>३००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१००००</td></tr>
</table></td><td>२१०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>याशोक स्वास्थ्य चौकी ठेस गारो निर्माण ठेक्काः ठेक्का सम्झौताको जि.सि.सि ५५.१ अनुसार पूर्बनिर्धारित क्षतिपूर्ति बापत प्रत्येक दिनको सम्झौता रकमको ०.०५% दरले अधिकतम २०० दिन सम्मको क्षतिपूर्ति भराउन सक्ने व्यबस्था छ । यस गाउँपालिकाले तिमल्सिना निर्माण सेवा संग लागत अनुमान (पि.एस र भ्याट बाहेक) रु ८२२०७४९.३५ मा सम्झौता रकम रु ८१३८९९३.४(पि.एस र भ्याट बाहेक) मा सम्झौता अबधि २०७८।९।२६ देखि २०७९।३।१५ मा कार्य सम्पन्न गर्न नसकी २०७९।४।३१ मा कार्य सम्पन्न प्रतिबेदन पेश गरेकोले निर्धारित अबधि भन्दा ४७ दिन ढिला गरी कार्य सम्पन्न गरेकोले ४७ दिनको हर्जाना रु २१८४८०।९५ असुल गर्नु पर्ने रु.</td><td>२१८,४८०.९५</td></tr>
